नागरिक आवाज
nagarik aawaz
April 2011
बैशाख, २०६८

## Voice of Chair

Nagarik Aawaz (NA) has been contributing to the peace building process of Nepal through a multitude of programs aimed at promoting reconciliation and sustained peace across Nepal. The Displaced Youth Volunteer Program, Women and Youth as Pillars of Sustainable Peace Program, and Youth for Peace and Reintegration Program are some of the activities that made considerable impact in 2010. NA's philosophy of involving and mobilizing youths - especially those that have been directly affected by conflict - for achieving sustainable peace has been the underlying principle behind all its plans and activities. By helping youths reconnect with communities, by gaining their trust, and motivating them to lead the peace building initiatives with their own efforts has yielded important gains for the overall peace building efforts in the country.

The ongoing advocacy campaign is one of the key pillars of NA's work. This year, NA celebrated its 100th Interaction Program by inviting leaders of major political parties to advocate for a lasting peace and timely promulgation of constitution. The event was also used as a platform for presenting and discussing outcomes of workshops carried out in Nepalgunj and Rupandehi districts that were participated by conflict affected women from 19 districts of western, mid-western and far-western regions. The GoN has recently launched the National Action Plan for the UNSCR 1325 and 1820 and has established Local Peace Committees (LPC) in 72 districts. Unfortunately, most of the conflict affected women remain unaware and uninformed about these Nagarik Aawaz has been instrumental in resolving these crises by actively participating in activities aimed at rectifying this situation.

This year NA carried out strategy planning exercise for the next three years, whilst marking the completion of the strategic planning for the period of May 2007 to July 2010. It was an important event that is bound to have valuable benefits for the further institutional development of the organization and enhancing its relevance in the current context of Nepal.

Finally, I wish everyone a happy and peaceful time ahead. I fervently hope that the upcoming new year will usher in new hope among people and fulfill their aspirations for a lasting peace and a constitution that will change the face of Nepal for the better and forever.

**Shobha Basnet**
**Chair, Executive Board**

## NA Donors

NA team would like to extend our sincere gratitude to all our well-wishers and donors for their generous support. The individual and institutional donations both external and internal have been valuable for NA's sustainability.

**Our donors after September 2010 to till date are;**

**Institutional Donors for institutional Support:** The Ford Foundation, CARE Nepal, WAPPDCA,

Institutional and individual donors for Shanti Bhancha, Dasain Lunch and Other activity: Rotary Club of Jawalakhel, Blue Diamond Society, Jaya Travels, ICRI, Susanne Jalbert ,Sina Stiffler Café Cheeno, Legal Counsel Centre ,WHR,WAPPDCA,WGA,SAATHI, Mitini Nepal, Mahaguthi, NCBL, Read Nepal, Room to Read, FEDO, Oxfam GB Nepal,Worec Nepal,Tewa, Sancharika, Samjhauta Nepal, Razeena Shrestha, Ganesh Bdr. Karki, Badri Sapkota, Malashree Kafle, Laxmi Maharjan, Ashok Karki, Chandra Kala Gurung, Gaylord Neely, Chanda Thapa, Merita Kanskar, Urmila Shrestha, Shiva Gopal Thapa, Ram Keshari Shrestha, Sharad Neupane, Rama Pant, Maggie Shah, Meera Arjyal/ Hemant Arjyal, Meena Gurung, Roshani Karmacharya, Srijana Thapa/Pathak, Sandhya Basnet/Bhatta, Nita Pradhan Joshi, Kumidini Shrestha, Dr. Aruna Upreti, Sukmaya Bohora, Shobha Basnet, Pramada Shah, Chameli Shakya, Jyotshna Shrestha, Sama Shrestha, Janaki Shah, Bandana Rana, Prof. Sridhar Khatri, Sarosh Pradhan, Dr. Chhatra Amatya, Pratima Thapa, Riva Thapa, Arina Arjyal, Rajshree Karki,

## Workshop on Issues of Conflict Affected Women

Nagarik Aawaz (NA) organized regional workshops titled "Issues of Conflict Affected Women" at Bhairahawa (21-22 February 2011) and Nepalgunj (24-25 February 2011) with conflict affected women from 19 different districts of western, mid-western and far-western Nepal. The workshop was financially supported by WAPPDCA while the local host organizations Namuna Integrated Development Council and Fatima Foundation Nepal supported in organizing the workshop in Bhairahawa and Nepalgunj respectively.

### Issues identified in the workshop

- The workshops have helped in realizing that the flow of government information in relation to the policies and programs for conflict affected is very poor.
- Conflict-affected women have not heard about UNSCR 1325/1820; neither is there any awareness about Local Peace Committee and other peace mechanisms institutionalized.
- Frustration and anger among the conflict-affected women is high because of the lack of social justice in the post-conflict phase.
- Displacements and political conflicts are still present in the forms of clashes and conflict between youth wings of different political parties.
- Women still suffer from psychological stress resulting in physical manifestations (headache, irritation, anger, sleeplessness, fear and feeling of isolation).

### Outcomes of the workshop

- There is a lack of such kinds of spaces and platforms where conflict affected women can come together, share their experience and learn the coping mechanisms of one another.
- As a follow-up of the previous workshop organized in 2009, the workshops were able to identify initiatives and developments of the participants of the workshops. This was not only a morale booster for the new participants but also a substantial illustration of the opportunities created and explored because of the workshop.
- The participants appreciated the information related to various government policies and programs related to conflict affected (NAP 1325/1820, Local Peace Committee, Disappearance Act, Truth and Reconciliation Act, Relief packages and processes.)



## १०० औं अन्तरक्रिया कार्यक्रम सम्म आईपुग्दा...



नागरिक आवाजले आफ्नो स्थापनाकाल (सन् २००१) देखि नै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ र हाल सम्म आईपुग्दा १०० औं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नागरिक आवाजको १० बर्षे कार्य अनुभवमा द्वन्द्व न्यूनीकरणमा यस कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस कार्यक्रमको निरन्तरताले जनसमुदाय तथा नागरिक समाजलाई दिगो शान्तिका लागि सुसूचित, सचेत र क्रियाशिल बनाउँदै आएको छ । साथै कार्यक्रमले विभिन्न सरोकारवाला व्यक्तिहरू, संघ संस्थाका प्रतिनिधीहरू, सरकारी निकायका प्रतिनिधीहरू, राजनीतिक दलका प्रतिनिधीहरू र द्वन्द्वपीडित समुदायहरूलाई एकै थलोमा ल्याई दिगो शान्ति स्थापनाको लागि चिन्तन गर्न, दिगो शान्तिको लागि पूर्वाधार र सम्भावनाहरूको खोजी गर्न तथा द्वन्द्वपीडितहरूलाई आफ्नो पीडा पोख्ने ठाउँ दिई मानसिक राहत दिने जस्ता महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

हाल सम्म उक्त कार्यक्रममा प्रत्यक्ष रूपमा ७००० भन्दा बढी व्यक्तिहरू सहभागी भई लाभान्वित भएका छन् । साथै समन्वयात्मक सञ्जाल बृद्धि भई गुणात्मक रूपमा दिगो शान्तिको लागि टेवा पुऱ्याउन पनि सफल भएको छ । यस कार्यक्रमले द्वन्द्व प्रभावित महिला र युवाहरूको बढी भन्दा बढी सहभागिता गराई शान्तिको बाटोमा क्रियाशिल गराउन योगदान पुऱ्याई रहेको छ ।

गत ४ मार्च, २०११ मा नागरिक आवाजले १०० औं अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । जसको विषय "विस्तृत शान्ति सम्झौता र समयमै संविधान निर्माण" रहेको थियो । कार्यक्रममा मुख्य राजनीतिक दलका नेता, राजनीतिक विश्लेषक र नागरिक आवाजका संस्थापिकालाई प्रमुख बक्ताको रूपमा निम्त्याइएको थियो । दलका नेताहरूले शान्ति प्रक्रिया र संविधान निर्माण सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो भने राजनीतिक विश्लेषक श्याम श्रेष्ठले यसका कमजोरी, चुनौती र अवसरको बारेमा प्रष्टयाउनु भएको थियो । साथै नागरिक आवाजको संस्थापीका रीता थापाले शान्ति निर्माण प्रक्रियामा यस किसिमका अन्तरक्रिया कार्यक्रमहरूले पुऱ्याएको योगदानबारे प्रष्ट्याउँनु भएको थियो । उक्त कार्यक्रम संवैधानिक संवाद केन्द्र नयाँ बानेश्वर, काठमाण्डौको हलमा संचालन गरिएको थियो भने कार्यक्रममा ८० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

# नव वर्ष २०६८ को हार्दिक मङ्गलमय शुभकामना

## शान्ति सहयोग भान्छा

नागरिक आवाजले विगत ७ वर्षदेखि नियमित रूपमा हरेक विहिबार जावलाखेल चोकमा स्थानीय समुदाय, व्यक्ति र गैर सहकारी संघ संस्थाहरूको सहयोगमा "शान्ति सहयोग भान्छा" संचालन गर्दै आइरहेको छ । यस कार्यक्रमको उद्देश्य द्वन्द्व प्रभावित, अस्वस्थ, अपाङ्ग, अनाथ, असहाय, वृद्ध-वृद्धा, सडक बालबालिका तथा मानसिक, अस्वस्थ व्यक्तिहरूलाई निशुल्क रूपमा ताजा, स्वच्छ, तातो, सफा र पोषणयुक्त खाना हप्ताको एक पटक भए पनि पेट भरी खुवाउनु र समाजमा सहयोगी भावना सिर्जना गर्नु रहेको छ । हरेक बिहिबार बिहान ९:०० बजे देखि २:०० बजे सम्म संचालन हुने उक्त भान्छामा ७० देखि बढीमा १५० जना सम्म खाना खाने व्यक्तिहरूको सहभागिता रहेको पाइन्छ । हाल सम्म ३३२ वटा शान्ति भान्छा सम्पन्न भई २५,१७६ भन्दा बढी व्यक्तिहरूले खाना खाइसकेका छन् ।

उक्त शान्ति सहयोग भान्छा संचालन कार्यमा निरन्तर रूपमा नागरिक आवाजका स्वयंसेवक युवाहरू र केहि कर्मचारीहरू सक्रिय रूपले परिचालित हुन्छन् । यस भान्छाका सहयोगकर्ताहरू तथा विशेषत द्वन्द्व प्रभावित युवाहरूले अरूको हितमा काम गर्ने र केहि सहयोग गर्ने मौका पाउँदा आफूलाई आत्म सन्तुष्टि मिलेको बताउँछन् ।

उक्त भान्छा बन्द, हडताल, कर्फ्यू तथा खानेपानीको अभाव जस्ता विभिन्न समस्या तथा चुनौतीहरूलाई सामना गर्दै कठिन अवस्थामा पनि निरन्तर रूपमा संचालन गरिदै आइरहेको अवस्था छ । यस्तो परिस्थितिलाई मध्यनजर गर्दै नागरिक आवाजको अनुरोधलाई स्विकार गरेर यो वर्षदेखि स्थानीय महानगरीय ट्राफिक प्रहरी प्रभागको कार्यालय जाउलाखेल, ललितपुरले खानेपानीको टयाङ्कि राख्ने ठाउँ उपलब्ध गराउनुका साथै खानेपानीको पनि प्रबन्ध मिलाई ठूलो सहयोग पुऱ्याएको छ । जसले गर्दा भान्छा संचालन कार्यमा सहजता हुनाका साथै थप उर्जा मिलेको छ । यसरी यस्ता खालका सहयोगहरू अन्य विभिन्न सरकारी निकायहरूबाट पनि उपलब्ध हुन सकेमा निश्चय नै यस शान्ति भान्छा संचालन गर्दा सामना गर्नु परेका समस्या तथा सम्भाव्य चुनौतीहरूलाई पनि सहज रूपले न्युनीकरण गर्न सहयोग पुग्ने छ ।

यस शान्ति सहयोग भान्छामा आर्थिक तथा विविध सहयोग पुऱ्याउनु हुने सम्पूर्ण दाता महानुभावहरूमा नागरिक आवाजको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छौं । आगामी दिनहरूमा हाम्रो सहयोग तथा सदभावको दायरा अझै फराकिलो हुँदै जाओस र निरन्तरता कायम रहोस् भन्ने अपेक्षा पनि गर्दछौं ।

## शान्तिगीत

(नेपाली र नेपालको मनमा छ शान्ति) २
(डाँडा भरि हिउँचुली)२ लालीगुँरास वनमा छ शान्ति
नेपाली र नेपालको मनमा छ शान्ति ___ ।

(संघीय यो लोकतान्त्रिक गणतन्त्र नेपाल)२
प्राकृतिक छहराहरूले भरिपूर्ण छ यो बिशाल
(चन्द्र सूर्य अंकित हाम्रो विश्व मै छ बेग्लै झण्डा)२
(जनक सीता अरनिको) २ बुद्धसँगै लुम्बिनीमा छ शान्ति

(नेपाली र नेपालको मनमा छ शान्ति) २
(डाँडा भरि हिउँचुली)२ लालीगुँरास वनमा छ शान्ति
नेपाली र नेपालको मनमा छ शान्ति ___ ।

(बिहानीको प्रभातसंगै, देख्न पाउने सुन्दर हिमाल)२
जातजाती, भाषा धर्म, संस्कृतिको भण्डार नेपाल
(मेची महांकाली, बौद्ध ईसाई, मुस्लिम, हिन्दु)२
(तराई मधेस पहाड)२ हिमालमा छ शान्ति

(नेपाली र नेपालको मनमा छ शान्ति) २
(डाँडा भरि हिउँचुली)२ लालीगुँरास वनमा छ शान्ति
नेपाली र नेपालको मनमा छ शान्ति ___ ।

(नागरिक आवाजमा आयोजित शान्तिगीत प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल)
सुदन कुमार वली (अकिञ्जन), ईरिबांङ्ग-४, रोल्पा
स्वयम्सेवक, नागरिक आवाज

# शान्ति निर्माणमा सक्रिय शान्ति समूहका स्थानीय महिला र युवा

कपिलबस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ३ र ४ मा नमूना शान्ति केन्द्र, कपिलबस्तुद्धारा गरिब, जोखिममा परेका र सिमान्तकृत रुपमा रहेका थारू महिला र युवाहरुको सहभागिता गराई ३ वटा शान्ति समूहहरु गठन गरियो । ती शान्ति समूहहरुको नाम सरस्वती महिला शान्ति समूह, दिव्य ज्योति युवा शान्ति समूह र नवदुर्गा महिला तथा युवा शान्ति समूह रहेको छ । यी तीनै समूहहरू स्थानीय थारू समुदायकै गोपाल प्रसाद थारू (शान्तिदूत) को सक्रियतामा गठन गरिएका हुन् । हरेक समूहमा २५ जनाका दरले जम्मा ७५ जनाको सहभागिता रहेको छ ।

समूहगठन पछि समुहका सदस्यलाई साप्ताहिकरुपमा शान्तिदूत गोपाल प्रसाद थारूले कक्षा संचालन गर्नुभयो । यसरी कक्षा संचालन हुँदै जाँदा सदस्यहरूको सिकाई र चेतनाको स्तरमा बृद्धि हुँदै गएको छ । शान्ति समूहमा बस्नु पहिला कुनै पनि समूहसंस्थामा आवद्ध नभएका महिला र युवाहरू पहिलो पटक शान्ति समूहमा ब सेको बताउनु हुन्छ । साप्ताहिक कक्षाले महिला र युवाहरुका हक अधिकार, न्याय, शान्ति, मानवअधिकार, सुशासन, जस्ता विषयवस्तुहरूको बारेमा राम्रो जानकारी भएकाले आफ्नो सिकाई र आत्मवल बढ्दै गएको उनीहरुको भनाइ छ । सिकाई सँगसगै समुदायमा महिलामाथि हुने घरेलु हिंसाका घटना र स-साना विवादहरू मिलाउदै आएको र अहिले समाजमा महिलामाथि हुने घरेलु हिंसाका घटनाहरू केहि कमहुँदै गएको वताउँछन् । समुदायमा घरेलु हिंसाको मुख्य कारण बनेको जाँड रक्सी, जुवा तास जस्ता क्रियाकलापहरू कम हुँदै गएको समाजमा रहेका विकृती र बिसंगतिहरू कम हुँदै समाजमा शान्ति र सद्भाव कायम हँदै गएको सदस्यहरूले बताए । यो समाजमा सबै महिला र युवाहरूमा पलाएको चेतना र सक्रियताले नै समाजमा परिर्वतन शुरूभएको गाउँलेहरुको ठम्याई रहेको छ । महिला र युवा संगठित हुँदै गएकाले समस्या र सवाल केन्द्रित भएर काम गर्न सक्ने क्षमताको विकास पनि भएको समूहका सदस्यहरु र स्थानीय समुदायका सदस्यहरूले बताउँनु हुन्छ ।

यसरी सामाजिक न्याय र दिगो शान्ति स्थापनाका लागि समुदाय नै सक्षम र सशक्त हुन अति आवश्यक हुने हुदाँ शान्ति स्थापनाको कार्यका लागि समुदाय र समुदायका गरिब, जोखिममा रहेका र पछाडि पारिएका वर्गहरूलाई नै सशक्त र सक्षम बनाउँदै जान अति आवश्यक छ । यसै कुरालाई मनन गर्दै नागरिक आवाजले विभिन्न कार्यक्रमहरुद्वारा विभिन्न जिल्लाहरुमा द्वन्द्वपीडित, गरिब तथा जोखिममा



रहेको समुदायहरूका युवा र महिलाका साथै स्थानीयसंस्थाहरूको दिगो शान्ति निर्माणका लागि क्षमता अभिबृद्धि गर्ने कार्यमा जोड दिदै आइरहेको छ ।

उल्लेखित शान्ति समूहले गरेको शान्ति निर्माणको पहलहरु जस्तै कपिलबस्तु जिल्लाकै अन्य गाविस/नगरपालिका र रुपन्देही, गोरखा र धादिङ जिल्लाको विभिन्न गाविसहरूमा शान्ति समूहहरूको निर्माण भई स्थानीय स्तरबाटै शान्ति निर्माणका पहलहरू भैरहेका छन् । यी ४ वटै जिल्लाहरूमा गरि हाल सम्म जम्मा ३४५ वटा शान्ति समूह, ६२ वटा शान्तिदूत, ५१ शान्ति दवाव समूह, ४ वटा जिल्ला स्तरिय शान्ति दवाव समूह र ४ वटा शान्ति केन्द्रहरू संचालित छन् । यी शान्तिकेन्द्र र शान्ति समूह र शान्ति दवाव समूहहरूको संचालन "महिला र युवा दिगो शान्तिका आधार (विप्स)" कार्यक्रम अर्न्तगत भैरहेका छन ।

"महिला र युवा दिगो शान्तिका आधार (विप्स)" कार्यक्रमलाई नागरिक आवाजले आफ्नो सहकार्य शान्तिको संजाल अन्तर्गत स्थानीय जिल्ला स्थित साझेदार संस्थाहरू फोकस नेपाल-धादिङ; हिमालय क्षेत्र विकास केन्द्र-गोरखा र नमूना एकिकृत विकास परिषद-रूपन्देही र कपिलबस्तुको साझेदारीमा संचालन गरिरहेको छ । राष्ट्रिय स्तरमा शान्ति मालिका, केयर नेपाल र नागरिक आवाजको साझेदारीमा यो कार्यक्रम संचालन भैरहेको छ । यस कार्यक्रमलाई केयर इन्टरनेशनल यू के र युरोपियन युनियनले आर्थिक सहयोग पुऱ्याइरहेको छ ।

## युवा आवाज

यस संस्थामा आवद्ध भए पश्चात समाजसेवा गर्ने कार्यमा अझ प्रेरणा मिलेको छ । साथै आफ्नो लागि मात्र नभएर अरूको लागि पनि सोच्नुपर्ने रहेछ भन्ने सिकाई भएको छ र जुनसुकै ठाउँमा गएर पनि आफ्नो कुरा राख्न सक्ने भएको छु ।

*निलम देवकोटा-गोरखा, स्वयमसेवक, नागरिक आवाज*

म नागरिक आवाजमा आवद्ध भएदेखि आफूमा आत्मविश्वास बढ्नुका साथै शान्तिको कार्यमा जिम्मेवारी बहन गर्न सचेत भएको छु । मलाई विभिन्न शान्तिसंग सम्बन्धित विषयहरूको बारेमा जानकारी भयो । जसले गर्दा ममा समाजसेवाको भावना जागृत भई त्यसतर्फ अग्रसर बन्न सहयोग मिलेको छ ।

*डिलमाया रोका-स्याङजा, स्वयमसेवक, नागरिक आवाज*

नागरिक आवाजमा एक बर्ष (सन २००४-२००५) सम्मको विस्थापित युवा स्वयमसेवी कार्यक्रमले गर्दा मलाई सामाजिक क्षेत्रमा लाग्न ठुलो प्रेरणा जगायो । मैले समाजिक क्षेत्रमा काम गर्दा आर्थिक रूपले मजबुद हुने थलोको रूपमा कहिल्यै हेरिन, बरू यसलाई सिक्ने र सामाजिक सेवा गर्ने पवित्र कार्यको रूपमा हेर्ने गरेको छु । आजका दिनसम्म आइपुग्दा मैले धेरै विषयवस्तुमा तालिम/ज्ञान लिएं, संस्थागत क्षेत्रमा काम गर्ने सिकाई बटुलें । यसले गर्दा मलाई समुदायमा गएर दिगो शान्ति स्थापनाको लागि केहि गर्ने आत्मबल र आत्मविश्वास जगायो । जसको कारण मैले आफ्नो जिल्लामा पनि दिगो शान्ति र विकासमा हातेमालो गर्न सामाजिक संस्था स्थापना गरें । समुदायमा अधिकार र समसामयिक विषयबस्तुमा रहेर सचेतनामूलक कार्यक्रम गरें । मैले आफु जस्तै अरू धेरै युवालाई दिगो शान्ति र विकासमा उन्मुख गराउन सके भन्ने कुरामा मलाई विश्वास छ । यहि उर्जाको कारण आगामी दिनहरूमा शान्ति र विकासलाई मुल मन्त्रको रूपमा लिंदै अगाडी जान मद्दत मिलेको छ ।

*राजेन्द्र पुडासैनी, शान्तिदूत/नागरिक आवाज*

*फोकस शान्ति केन्द्र-धादिङमा शान्ति पहलकर्ताको रुपमा कार्यरत*

एउटा भनाइ छ "रोग लागेर उपचार गराउनु भन्दा रोग लाग्न नदिनु नै सबै भन्दा उत्तम उपाय हुन्छ" यसरी नै द्वन्द्वका घाउहरू ठीक पार्न र आगामी दिनहरूमा सशस्त्र द्वन्द्वका रोगहरू लाग्न र फैलन नदिनको लागि हामी सबैले सोच्ने र काम गर्ने दिन आएको छ । नेपालमा दिगो शान्ति स्थापनाको काम हामी सबैको लागि पहिलो र नौलो नै हो । देश र समाजमा दिगो शान्ति स्थापना गर्ने हो भने स्थानीय स्तर र राष्ट्रिय स्तर दुवैतिर समान रूपले काम गर्नु पर्ने देखिन्छ । यो नै हामी सबैको ठूलो सिकाई हो र यसरी सहभागी हुन पाउँदा मैले धेरै कुराहरू सिकेको छु ।

*हिमाल महत, शान्तिदूत/नागरिक आवाज*

*नमूना शान्ति केन्द्र-कपिलबस्तुमा शान्ति पहलकर्ताको रूपमा कार्यरत*

शान्ति निर्माणमा महिलाको योगदान र भूमिका महत्वपूर्ण हुन्छ । महिला विना दिगो विकास, शान्ति र संविधान सम्भव छैन । तसर्थ समुदायस्तर देखि नै महिलाको सक्रिय सहभागिताका लागि काम गर्न पाउँदा मैले शान्ति निर्माणका धेरै कुराहरू सिक्ने अवसर पाएको छ । यही कामलाई निरन्तरता दिन पाउँदा मलाई खुशी लागेको छ ।

*दिवानी घिमिरे, शान्तिदूत/नागरिक आवाज*

*नमूना शान्ति केन्द्र-रूपन्देहीमा शान्ति पहलकर्ताको रूपमा कार्यरत*

शान्ति मानव अधिकारको प्रत्याभुति, स्रोत र साधनको समान पहुँच, कानुनी राज्यको व्यवस्था, तमाम जातजाती, भाषा, धर्म, संस्कृतिका नागरिकहरुको आपसी सद्भाव, एकता एवं अल्पमतको विचारहरूको सम्मान गर्नु शान्ति हो । बहुलबादमा आधारित प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्था, सम्पत्तीको हक, हिंसारहित राजनीति, आवधिक निर्वाचन र वाक स्वतन्त्रतामा मात्र शान्ति महशुस हुन्छ । यस किसिमको काममा योगदान पऱ्याउँन पाउँदा मलाई गौरव लाग्दछ ।

*हरी देबकोटा, शान्तिदूत/नागरिक आवाज*

*गोरखा शान्ति केन्द्रमा शान्ति पहलकर्ताको रूपमा कार्यरत*

## Women and Youth as Pillars of Sustainable Peace (WYPSP)

Implemented by Nagarik Aawaz in four districts of Nepal in partnership with CARE Nepal, and Shanti Malika and run through three district level partners of Sahakarya Shantiko Network – Focus Nepal (Dhading), HADC (Gorkha) and NAMUNA (Rupandehi and Kapilbastu), Women and Youth as Pillars of Sustainable Peace (WYPSP) program has completed three years of its implementation and is in the fourth year. The program focuses on strengthening of community's capacities in local peacebuilding mechanisms for policy advocacy on behalf of Poor, Vulnerable and Socially Excluded communities.

The first three years has been able to sensitize the mass at the community level; bring about significant change in the perception and understanding of the PVSE community on the issues of conflict transformation, peacebuilding and assertion of rights. Meanwhile, structures at the district level too have been able to form a basic consensus on moving forward with the issues and the process for contributing to the larger peacebuilding process.

During this phase more than 8000 PVSE (mostly women) have been systematically organized into groups named as peace groups. In these groups, there have been sessions delivered through mobilization of youths as Peace Ambassadors (PAs). These sessions have focused on the issues of rights, women's rights, constituent assembly, governance, and issues in the VDC and the community. As a result of this, there has been increased collectivism among the members of the peace groups. There have been ample experiences of the members of the peace groups where they have come together in solving the issues of community and members of the peace groups relating to conflict between two individuals, groups and communities (husband and wife, neighbours or communities). Similarly the groups have also identified some common issues/problems in the VDC and have collectively worked towards solving those problems and issues.

As of now, the program has been able to establish community level peacebuilding mechanisms in the forms of peace groups, peace pressure groups and peace center. Likewise, these community level mechanisms are linked at national level in order to intensify the national level campaign for policy advocacy and incorporation of the issues of the PVSEs in the constitution of Nepal.

## Displaced Youth Volunteer Program

Youth and the women were the most affected group during the insurgency. They were compelled to live a displaced status. Even after the five years of completion of CPA, the condition is not favorable for the displaced community. They still are living in difficulties and scarcities. In order to provide a safety net to the displaced youth, to provide practical skills, broaden the knowledge on peace and development and to provide trauma healing to the youth, NA started the "Displaced Youth Volunteer Program" (DYVP) in 2003 as its core program.

Currently 9th batch of DYVP is running and altogether 20 youth are incorporated in the program. Coming up to the midterm evaluation a complete transformation is seen in youth. They are dedicated to peace work and want to serve nation without any expectation. Moreover, positive attitude is developed in youth. Now, the feeling of revenge is replaced by the feelings of forgiveness. Most importantly, the youths have the desire to contribute in building peace in their communities and the country at large, which is very encouraging.

*Happy New Year 2068*

## Strategic Planning Exercise



Nagarik Aawaz (NA) was established to address the immediate need of the displaced community affected by the conflict in the time of armed conflict and escalation of violence in Nepal. These contribution and efforts require strategic directions and plans for effective and efficient role in peacebuilding process. Since the time frame of previous strategic plan was over in 2010, the board meeting held on December 6, 2010 decided to develop a new strategic plan for three years (March 2011-February, 2014). The main objective of strategic planning exercise was to revisit its vision, mission and qualifying statement for the future and develop a strategic directional plan keeping in mind the changing socio-political context in the transitional phase.

The entire team of Nagarik Aawaz (Trustee, Advisors, Executive Board, life members and staff) actively participated in the process. The strategic planning exercise was divided into two parts- the first part of the exercise involved individual consultations with the key stakeholders and actors of NA (Founder, Trustee, Advisors, Executive Board) and the second part of the exercise consolidated these consultations in a two-day workshop held on February 14-15, 2011. The strategic plan is in the stage of being finalized and would be instrumental in guiding NA's work during the times of transition and enhance our contribution in the larger peacebuilding process.

## Other key Activities of NA (October 2010-March 2011)

- NA's 9th batch youths celebrated 2 days Deusi/Bhailo Program by visiting various organizations, NA family and friends. Rs.22, 317 Rupees was raised by youths
- A workshop was organized on "Situation of conflict affected on the present context" for 9th Batch youths
- Under DYVP, Peace song competition for 9th batch youths was organized at NA premises on 28th January 2011. Nine youths participated in the competition. The song was composed by youths themselves.
- A Thought Workshop on "Opportunities and Challenges for women's leadership in peace building" was jointly organized by Tewa and NA at Tewa Community Hall on 29th December, 2010. Rita Thapa facilitated the workshop and 10 women activists leaders participated in the workshop
- On December 6th, 2010 NA successfully completed its Board Meeting
- Peace Kitchen has been regular. 332 peace kitchen has been completed and more than 25,000 meals have been fed.
- A half-day workshop on Conflict Transformation and Trauma Healing was organized by NA at WAPPDCA. Dr. Ruth Mischink was the resource person. Members of WAPPDCA and the youth of DYVP Program participated in the workshop.
- NA and Tewa jointly organized an orientation program on Disability on December 8th, 2010. Ms.Tika Dahal chairperson of NDWA was the resource person

नागरिक आवाज
शान्तिको लागि
Nagarik Aawaz for Peace

**Nagarik Aawaz**
**P.O. Box** 9041, Dhapakhel, Lalitpur
**Tel** +977-1-5574586, 5574587 • **Fax** +977-1-5574587
**Email** naawaz@ntc.net.np
**Web** www.nagrikaawaz.org.np